गण्डकी प्रदेश सरकार

सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय

# सामाजिक विकास कार्यालय, बागलुङ

बागलुङ, नेपाल

**प.सं. ०८०।०८१**

**च.नं**

---

**प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना !!!**

**प्रथम पटक प्रकाशित मिति २०८१/०२/०२**

यस कार्यालयको चालु आ.व. ०८०/०८१ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार महिला विकास कार्यक्रमद्वारा प्रबर्द्धित भै बचत तथा ऋण परिचालन लगायत सामाजिक क्रियाकलापहरु समेत सञ्चालन गरी स्थानीय स्तरमा महिला सुरक्षाको पहरेदारको रुपमा सञ्चालनमा रहेका महिला सहकारी संस्थाहरुलाई प्रविधिमैत्री बनाउनुका साथै संस्थागत सुधारका सामाग्रीहरु (कम्प्युटर, फर्निचर तथा फर्निसिङ) वितरण गरिने कार्यक्रम रहेको हुदा सो बमोजिमका महिला सहकारी संस्थाहरुले कार्यालयको कार्यक्षेत्रगत शर्तको अधिनमा रही कार्यालयले तोकेको ढाँचामा (प्रस्तावको ढाँचा कार्यालयको वेभसाइट sdobaglung.gandaki.gov.np मा समेत उपलब्ध हुनेछ।) देहाय बमोजिमका कागजातहरु संलग्न गरी रित पूर्वक माग प्रस्ताव पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएकोछ ।

संलग्न हुनु पर्ने कागजातहरु:-

१.संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि,

२.गत आ.व. ०७९/०८० को लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपि,

३.सम्बन्धित स्थानीय तहको सिफारिस पत्र,

४.संस्था सञ्चालक समितिको सामाग्री माग प्रस्ताव सम्बन्धी निर्णय,

५.संस्थागत सुधारका सामाग्रीहरु (कम्प्युटर, फर्निचर तथा फर्निसिङ आदी ) माग भएको रित पूर्वकको प्रस्ताव ।

६. यस कार्यालयमा भौतिक रुपमा उपस्थित भै निवेदन समेतका कागजातहरुको प्रस्ताव पेश गर्न सकिने छ ।

७. माग गरिएका सामाग्रीहरु संस्था हितको लागि मात्र प्रयोग हुने र दुरुपयोग हुन नदिने व्यहोराको स्वघोषणा पत्र ।

८. रितपूर्वक भरिएको प्रस्ताव निवेदन मिति २०८१/०२/१६ गते कार्यालय समय भित्र सामाजिक विकास कार्यालय बागलुङमा आइपुग्नु पर्नेछ । सो अन्तिम दिनमा सार्वजनिक विदा परेमा तत्पश्चात कार्यालय खुलेको पहिलो दिन कार्यालय समय सम्म आइपुगेको हुनु पर्नेछ ।

९. थप जानकारीको लागि: सामाजिक विकास कार्यालय, बागलुङको फोन नं.०६८-५२४१५१ वा मोवाइल नं. ९८५७६२४१५२ मा सम्पर्क राख्न सकिनेछ ।

कृष्णहरि आचार्य

नि.कार्यालय प्रमुख